# गीत

खोल्सासाको पानि जस्तै बाटैमा विलाउँछु कि
अलि वेर ढलमलिन्दै खहरै झैं हराँउछु कि

छोपेर हजार व्यथा फेरि के पो छोप्न हिँडछु
चिप्लि बार बार फेरि कुन टाकुरा टेक्न कुदछु
पानि को फुल जस्तै कुन भुमरी मा गै सेलाउँछु
बादल को पत्रजस्तै कति टु क्रिएर विलाउँछु

चैतको हिमाल जस्तै पग्लि पग्लि सकिन्छु कि
सलेदो झैं पिल्सिन्दै खरानि मा मिल्किन्छु कि

साँझको तारा जस्तै कुन पल झरि विलाउँछु
बासि अछता झैं कुन सोतरमा गै हराँउछु
काँचको चुरा जस्तै ख्यालमै चरकिन्छु कि
आँधिको पतकर बतसिँदे झैं हराँउछु कि

कपिल अधिकारी, ताइपेई, ताइवान
Feb 28,2004